गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

१

## मिति २०८०।०४।१६ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को प्रथम नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** जिल्ला दररेट निर्धारण समितिबाट नवलपरासी (वर्दघाट-सुस्ता पूर्व) को आर्थिक वर्ष २०८०।८१ को लागि निर्धारित दररेटलाई नै गैंडकोट नगरपालिकाको आ.व.२०८०/०८१ को नगर दररेटको रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** सङ्घीय सरकारको आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार, सघन शहरी तथा भवन निर्माण आयोजना, भरतपुर चितवनको च. नं. ५० मिति २०८०/०४/१० को पत्र मार्फत गैंडाकोट नगर क्षेत्र भित्र ट्रमा सेन्टर निर्माणका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापनका लागि लेखि आएको हुँदा प्राप्त पत्रानुसार गैंडाकोट नगरपालिका क्षेत्र भित्र स्थापना हुने ट्रमा सेन्टर निर्माणका लागि आवश्यक पर्ने जग्गा गैंडाकोट नगरपालिका वडा नं. ११ मा नेपाल सरकारका नाममा दर्ता कायम रहेको बेल्डिहा ४/ख कित्ता नं. १० क्षेत्रफल ८-४-११ मध्येबाट दक्षिण पूर्व तर्फको २-०-० विघा जग्गा उपलब्ध गराउनका लागि "सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९" बमोजिम ट्रमा सेन्टरले उपयोग गर्नेगरी प्रक्रिया अगाडी बढाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला स्थित सिफारिस समितिमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३** यस नगरपालिकाको वडा नं. ७ मा घाटगद्दी गरी राखीएको नदीजन्य पदार्थको ढुवानी म्याद थप गरी पाँउ भनी आन्तरिक आय ठेक्का नं. 05/IR/NCB/GM/079/080 सम्बन्धित व्यवसायीले निवेदन पेश गरेकोले उक्त नदिजन्य पदार्थले ओगटेको जगाको प्रति कठ्ठा मासिक रु. ५००/- को दरले जग्गा भाडा लिई माग बमोजिमको ढुवानी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको नगर प्रहरी नियमावली, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगर कार्यपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार सञ्चालन ल्याउन लागेको नागरिक सेवा केन्द्र सञ्चालन कार्यविधि,२०८० का विषयमा बैठकमा छलफल भई थप राय एवं सल्लाह सुझाव सहित आगामी कार्यपालिमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकाको ११ औं नगर सभाबाट गरिएको निर्णय बमोजिम गैंडाकोट वडा नं. २ हालको गैंडाकोट ईलाका प्रहरी कार्यालय रहेको स्थानको जग्गा ईलाका प्रहरी कार्यालयलाई भवन निर्माण गर्न उपलब्ध गराउने निर्णयका सन्दर्भमा थप परिमार्जन एवं संशोधन गर्ने प्रयोजनका उक्त निर्णयको बिषयलाई आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाबाट यस पूर्व प्रकाशित सूचनाको अवधिमा कतिपय भवन तथा संरचनाहरु अभिलेखीकरण गर्न छुट भएकोले नगर भित्रका भवन तथा घरको अभिलेखीकरण गर्ने प्रयोजनका लागि ४५ (पैंतालिस) दिने सूचना प्रकाशन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र यसरी प्रकाशित हुने सूचनामा तोकिएको अवधीभित्र अभिलेखीकरण गर्दा लाग्ने शुल्क सम्बन्धमा गैंडाकोट नगरपालिकाको आर्थिक ऐन २०८० मा तोकिएको नक्सा पास गर्दा लाग्ने शुल्कको तेब्बर शुल्क तोक्ने निर्णय गरियो ।

**निर्णय नं.८** नगर कार्यपालिकाको पूर्व निर्णयानुसार गैंडाकोट नगरपालिका वडा नं. ६ को कित्ता नं. १ को जग्गामा गैंडाकोट नगरपालिकाको फोहोरमैला श्रोत प्रशोधन केन्द्र तथा पार्क निर्माण गर्ने उद्वेयका लागि कानूनी व्यवस्थापन तथा निर्माण व्यवस्थापनका प्रयोजनार्थ देहाय बमोजिमको एक सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

जानकी कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

संयोजकः- श्री प्रकाश सापकोटा वडा अध्यक्ष वडा नं. २

सदस्यः- श्री गोविन्द प्रसाद सुवेदी वडा अध्यक्ष वडा नं. ११

सदस्यः- श्री प्रेम सापकोटा वडा अध्यक्ष वडा नं. ८

सदस्यः- श्री गोपी कँडेल वडा अध्यक्ष वडा नं. १७

सदस्यः- श्री सुवाश चापागाईं वडा अध्यक्ष वडा नं. ६

सदस्यः- श्री धामनाथ सापकोटा वडा अध्यक्ष वडा नं. ९

सदस्यः- श्री ईश्वरी जि.सी. नगर कार्यपालिका सदस्य

सदस्यः- श्री सरिता देवी दर्जि नगर कार्यपालिका सदस्य

सदस्य सचिवः- श्री शंकर कँडेल अधिकृत छैटौं

**निर्णय नं.९** गैंडाकोट नगरपालिका वडा नं. २ र ५ मा रहेको भृकुटी कागज कारखानाको क्षेत्र भित्र रहेको सार्वजनिक बाटो बन्द हुँदा स्थानीयबासीहरुको आवतजावतमा असहजता भएकोले उक्त कारखाना परिसरमा नापी नक्सामा उल्लेखित सार्वजनिक बाटो खुला गरी संचालन ल्याउने व्यवस्था मिलाईदिनको लागि नेपाल सरकार अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

**निर्णय नं.१०** गैडाकोट नगरपालिका भित्र रहेका खानीपानी संस्थाहरुको एकीकृत विकास तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि खानेपानी बोर्ड गठन गर्न आवश्यक पर्ने ऐन निर्माण तथा विद्यमान कानूनमा परिमार्जन गरी उचित कानूनी प्रस्ताव पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.११** गैंडाकोट नगरपालिकाको आर्थिक विकास समितिको मिति २०८०/०४/०४ को निर्णयानुसार आ. व. २०८०/०८१ को स्वीकृत कार्यक्रम शिर्षक "साझेदारीमा सुरक्षित खोर/गोठ तारवार कार्यक्रम" मा विनियोजित रकम रु. ६,००,०००/- लाई हाल नगर क्षेत्र भित्र पशु चौपायाहरुमा प्रकोपको रुपमा फैलीईरहेको लम्पी स्किन रोग बिरुद्दको खोप नि:शुल्क रुपमा लगाउने गरी कार्य अगाडी बढाईएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.१२** नगर क्षेत्र भित्रका पशु चौपायाहरुमा महामारिको रुपमा फैलीइरहेको लम्पी स्किन रोग नियन्त्रण गर्न उक्त महामारी बिरुद्दको खोप नि:शुल्क लगाउने कार्यका लागि आवश्यक थप रकम मिति २०८०/०४/१० को विपद व्यवस्थापन समितिको निर्णयानुसार विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो।

**निर्णय नं.१३** गैंडाकोट नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य सेवा तर्फका फाजिल तथा काजमा रहेका कर्मचारीहरुको तलव भत्ता नगरपालिकाको आन्तरीक स्रोतबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१४** गैडाकोट नगरपालिकामा स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुको नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९ को उपदफा (१) अनुसार सोही ऐनको दफा ९(४) तथा ऐन को उपदफा ५ एवं नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ वमोजिम र दफा ८४ (क) वमोजिमको मापदण्ड पुरा भएकोले स्तरवृद्धि का लागि स्वास्थ्य सेवा विभाग बाट प्रकाशित सूचनामा गण्डकी प्रदेश र सोही प्रदेशका स्थानिय तहमा कार्यरत कर्मचारी बाहेक भनी सुचना प्रकाशीत भएको, गण्डकी प्रदेश सरकारबाट तहवृद्धि को मिति २०८०/०३/१७ गते प्रकाशित सुचनामा गण्डकी प्रदेशमा समायोजन भएका कर्माचारीको लागी मात्र सुचना प्रकाशित भएको र गण्डकी प्रदेश सरकारबाट जारी भएको स्थानिय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा २७ को उपदफा ३ बमोजिम स्थानिय तहमा समायोजन भएका स्वास्थ्य सेवाका कर्माचारीको तहवृद्धी (स्तरवृद्धि ) सम्वन्धी व्यवस्था संघिय कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको र उपदफा (८) मा कर्माचारी तहवृद्धी (स्तरवृद्धि ) सम्वन्धित प्रमुख प्रशासकीय अधिकृतले गर्ने छ भन्ने व्यवस्था रहेकाले यस गैंडाकोट नगरपालिकामा समायोजन भई आएका र तहबृद्धिको लागि निवेदन पेश गरेका कर्मचारीहरुलाई सोही बमोजिम स्तरवृद्धि गर्न निर्देशन दिने निणर्य गरियो।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

Sangam®

**निर्णय नं. १५** गैंडाकोट वडा नं.३ त्रात्रिवासमा रहेको कृषिको लागि सिंचाईमा प्रयोग हुँदै आएको पानीको पोखरीमा पौडी खेल्ने क्रममा डुवेर मृत्यु भएका २ जना बच्चाहरुको लागि राहत स्वरुप निजहरुको परिवारको सदस्यलाई सम्बन्धित वडाको सिफारिस तथा प्रहरी मुचुल्का समेतका आधारमा तपशिल बमोजिम राहत उपलब्ध गराउने निर्णय गरियो।

क) गैंडाकोट वडा नं.४ का निवासी मृतक बच्चाको घर परिवार सदस्य श्री प्रकाश परियार लाई रु.५० हजार राहत उपलब्ध गराउने।

ख) गैंडाकोट वडा नं.४ निवासी मृतक बच्चाको घर परिवार सदस्य श्री बुद्धलाल श्रेष्ठ लाई रु.५० हजार राहत उपलब्ध गराउने।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख